# टेम्केमैयुङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## अन्नपूर्ण भोजपुर

# करार सेवामा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना

**प्रकाशित मिति :- २०७७/०८/१६ गते**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अर्न्तगत यस गाँउपालिकाको लागि १ (एक) जना सूचना प्रविधि अधिकृत (IT Officer) र यस गाँउपालिकाको ७८ औं कार्यपालिकाको बैठकको निर्णयानुसार यस यस गाँउपालिकाको लागी १ (एक) जना नायव प्राविधिक सहायक (कृषि सेवा) करार सेवामा पदपूर्ती गर्नु पर्ने भएको हुदाँ इच्छुक उम्मेदवारले यस कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | आवश्यक संख्या | दरखास्त दस्तुर | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| ७ -२०७७/०७८ | सूचना प्रविधि अधिकृत (IT Officer) | १ (एक) | रु. १०००।- (एक हजार रुपैया मात्र) | लोकसेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technology वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc CSIT, BE Electronics and Communication Engineering, B-Tech Electronics and Communication Engineering) को उपाधि हासिल गरेको । | |
| ८-२०७७/०७८ | नायव प्राविधिक सहायक (कृषि सेवा) | १ (एक) | रु. ५००।- (पाँच सय मात्र) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उत्तीर्ण गरी न्यूनतम एक वर्षे जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई टी. एस. एल. सी. उत्तिर्ण भएको हुनुपर्ने । (सो भन्दा माथिल्लो योग्यता भए सो लाई प्राथमिकता दिइने छ ।) | |

१. छनौट : प्रारम्भिक योग्यताक्रम सूची ।
२. परीक्षाको किसिम : क) वि. नं. ७ को लागी लिखित, प्रयोगात्मक परीक्षा तथा अर्न्तवार्ता र वि. नं. ८ को लागी लिखित तथा अर्न्तवार्ता । ख) परीक्षा कार्यक्रम प्रारम्भिक योग्यताक्रम सूची प्रकाशित गरेको मितिमा तोकिनेछ ।
३. संलग्न गर्नुपर्ने कागजातहरू : नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरू, अनुभवका प्रमाणपत्रहरू १/१ प्रतिका दरले तथा हालसालै खिचेको पार्सपोर्ट साईजको फोटो ३ प्रति ।
४. दरखास्त फारम www.tyamkemaiyummun.gov.np बाट सोझै डाउनलोड गरि झिक्न सकिनेछ ।
५. आवेदन बुझाउने स्थान : टेम्केमैयुङ गाँउ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा ईमेल मार्फत सम्पूर्ण डक्युमेन्ट स्क्यान गरी temkemunbhp@gmail.com मा पठाउन सकिनेछ । तल उल्लेख भएका माध्यमबाट दस्तुर बुझाएको भौचरसमेत संलग्न गर्नुपर्नेछ ।
६. दस्तुर बुझाउने प्रकृया : टेम्केमैयुङ गाँउ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा माछापुच्छ्रे बैंकमा रहेको यस गाउँपालिकाको ग-१.१ आन्तरिक राजश्व खाता नं. : ९३०१५२४६७५७५५०९६ मा दस्तुर रकम बुझाएर वा E-Wallet मार्फत ट्रान्सफर गरेर ।
७. तलब तथा अन्य सुविधा : वि. नं. ७ को लागी नेपाल सरकारले तोकेको अधिकृतस्तर छैटौको आधारभूत तलब सरह, वि. नं. ८ को लागी नेपाल सरकारले तोकेको सहायक चौथो तहको आधारभूत तलब सरह ।
८. कार्य विवरण : वि. नं. ७ को लागी प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रममा उल्लेख भए बमोजिमका कार्यहरू वि. नं. ८ को लागी सम्झौता बमोजिम ।
९. आवेदकको उमेरको हद : वि. नं. ७ को लागी आवेदन दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भै ३५ वर्ष ननाघेको, वि. नं. ८ को लागी आवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेका र महिलाको हकमा ४० वर्ष ननाघेका ।
१०. सेवा करार अवधि :- २०७८ असार मसान्तसम्म ।
११. आवेदन दिने अन्तिम मिति : यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन अर्थात २०७७/०८/३० गते कार्यालय समय भित्र ।
१२. थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा वा कार्यालयको सर्म्पक नं. ९८५२०८४५०० मा सम्पर्क गर्न सकिनेछ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**